# सार्वजनिक भवन तथा सभाहल संचालन कार्यविधी २०७८

सुनवल नगरपालिका
लुम्बिनी प्रदेश, नवलपरासी (ब.सु.प.)

# सार्वजनिक भवन तथा सभाहल संचालन कार्यविधी २०७८

**प्रस्तवना:** सुनवल नगरपालिकाको आन्तरिक तथा वाह्य लगानीमा निर्माण भएको सार्वजनिक सम्पति तथा भवनहरुको प्रयोग तथा संरक्षण र दिगो उपयोग गर्न, आन्तरिक आय वृद्धि गर्दै यसरी निमाण तथा सञ्चालन भएका सम्पतिको मर्मत तथा संभारमा आत्मनिर्भर वनाउन यसको सञ्चालन तथा व्यवस्थापनमा स्पष्ट कार्यप्रक्रिया सुनिश्चिच गर्नुपर्छ । नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएका अधिकारहरु प्रयोग गर्दै सुनवल नगरपालिका भित्र वनेका र वन्ने सवै प्रकारका सार्वजनिक भवन तथा सभाहलको प्रयोग सम्वन्धमा सञ्चालन तथा व्यव्स्थापन गर्न सुनवल नगरपाकि, नगर कार्यपालिकाको एकानव्यौ वैठकवाट स्वीकृत गरि यो **सार्वजनिक भवन तथा सभा हल संचालन सम्बन्धी कार्यविधी २०७८** जारी गरिएको छ ।

## परिच्छेद १
## नाम र प्रारभ्भ

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः

(१) यस कार्यविधीको नाम "**सार्वजनिक भवन तथा सभा हल संचालन कार्यविधी २०७८**" रहेको छ ।

(२) यो कार्यविधी **सुनवल नगरपालिका भित्ररहेका सवै प्रकारका सार्वजनिक भवन तथा सभाहल सञ्चालन तथा व्यवस्थापनमा लागु** लागु हुनेछ ।

(३) यो कार्यविधी सुवनल नगर कार्यपालिकाबाट पारित **भइ स्थानीय राजपत्रमा प्रकाशन भएको मितिवाट** लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः

**क. सभाहल भन्नले सुनवल नगरपालिका भित्र रहेका २५ जना भन्दा वढी क्षमता भएका सार्वजनिक कार्यक्रम सञ्चालन गर्न सकिने गरी पूर्वाधार भएका सार्वजनिक भवनलाई वुझ्नुपर्छ ।**

**ख. नगरपालिका भन्नले सुनवल नगरपालिकालाई वुझ्नुपर्छ ।**

**ग. नगरकार्यपालिका भन्नाले सुनवल नगरपालिका नगरकार्यपालिकालाई वुझ्नुपर्छ ।**

**घ. नगर सभा भन्नाले सुनवल नगरपालिकाको नगर सभालाई वुझ्नुपर्छ ।**

**ङ. सामुदायिक भवन भन्नाले सार्वजनिक स्थानमा निर्माण भएका कुनै पनि व्यक्ति तथा संस्थाको एकाधिकार नभएका सवै भवन वा हललाई वुझ्नुपर्छ ।**

छ. नगर प्रमुख भन्नले सुनवल नगरपालिकाका नगर प्रमुख वा निजको कार्यभार सम्हालेका व्यक्तिलाई वुझ्नुपर्दछ ।

ज. नगरउपप्रमुख भन्नाले सुनवल नगरपालिकाका उपप्रमुखलाई वुझ्नुपर्दछ ।

झ. वडा अध्यक्ष भन्नाले सभाहल रहेका वडाको अध्यक्षलाई वुझ्नुपर्दछ ।

ञ. वडा सचिव भन्नाले सभाहल रहेको वडाको सचिवलाई वुझ्नुपर्छ

ट. प्रमुख प्रशासकिय अधिकृत भन्नाले सुनवल नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजको काम गर्न तोकिएको व्यक्ति वा कर्मचारीलाई वुझ्नुपर्दछ ।

ठ. समिति भन्नाले सुनवल नगरपालिका सार्वजनिक भवन तथा हलको प्रयोग तथा संरक्षण गर्न नगरपालिका स्तरमा वनेको निर्देशक समितिलाई वुझ्नुपर्छ ।

ड. रामनगर वहुउद्देश्य सभा हल भन्नाले सुनवल नगरपालिका वडा न १२ भूमहिमा रहेको हललाई वुझ्नु पर्दछ ।

ढ. नगर सभाहल भन्नाले सुनवल नगरपालिका वडा न १ को नगर कार्यपालिकाको प्रमुख प्रशासकीय भवन रहेको स्थानमा भएको सभाहललाई वुझ्नुपर्दछ ।

ण. बालमैत्री अध्ययन केन्द्र भन्नाले सुनवल नगरपालिका वडा न १ सोमनाथ मन्दिरसगै रहेको बालमैत्री नगरपालिकाको दिगोपना र पहिचान कायम गराउने निमाण भइ सञ्चालनमा रहेको भवनलाई वुझाउछ ।

त. सामुदायिक सिकाइ केन्द्र भन्नाले सुनवल नगरपालिका वडा न १ सोमनाथमा रहेको लुम्विनी माध्यमिक विद्यालय तथा सोमनाथ माध्यमिक विद्यालयको वीचमा रहेको शैक्षिक संस्थालाई वुझ्नुपर्छ ।

थ. देवदह सभाहल सुनवल नगरपालिका वडा न ७ वनकट्टी चोक संगै रहेको वुद्धको मुर्ति संगै भएको सभाहललाई वुझ्नुपर्छ ।

द. सुनवल स्रोत केन्द्र  भन्नाले सुनवल नगरपालिका वडा न ४ रमवापुर माध्यमिक विद्यालयमा रहेको शिक्षाको तथ्यङ्क संकलन, व्यवस्थापन, नमुना कार्य प्रदर्शन तथा व्यवस्थापन गर्न निर्माण गरिएको भवन तथा हललाई वुझ्नुपर्दछ ।

ध. राजनीतिक क्रियाकलाप भन्नाले कुनै राजनीतिक दलको सभा, सम्मेलन, गोष्ठी, अन्तक्रिया वा यस्तै राजनीतिक उद्देश्यले सञ्चालन हुने क्रियाकलाप भन्ने वुझ्नुपर्दछ ।

न.  कृषि ज्ञान केन्द्र सभाहल भन्नाले सुनवल नगरपालिका वडा न ९ को प्रगति माध्यमिक विद्यालयको जग्गामा रहेको सभाहललाई वुझ्नुपर्दछ ।

प शैक्षिक क्रियाकलाप भन्नाले  शिक्षासँग सम्वन्धित भेला गोष्ठी तालिम  शैक्षिक अन्तरक्रिया सम्मेलन विद्यार्थीको शिक्षण सिकाइ गतिविधिसंग सम्वन्धित अन्य गतिविधिहरुलाई वुझ्नुपर्दछ ।

फ सामुदायिक सार्वजनिक हित सम्वन्धी कार्य भन्नाले कुनै विपदजन्य परिघटना  संकट घरवारविहिनताको अवस्था आइ नागरिकहरुलाई अल्पकालिन आश्रय स्थलमा राख्ने सम्वन्धी कार्यलाई वुझ्नु पर्दछ ।

परिच्छेद  २

भवन तथा सभा सञ्चालन समिति

३  सार्वजनिक भवन तथा सभाहल सञ्चालन समिति सम्वन्धी व्यवस्थाः सुनवल नगरपालिका भित्र नगरपालिका लुम्विनी प्रदेश वा संघीय सरकारको पूर्ण वा आशिक अनुदानमा (५० प्रतिशत भन्दा वढी) निर्माण तथा सञ्चालन भएका वा भविष्यमा हुने भवन वा सभाहलको संरक्षण व्यवस्थापन तथा  प्रयोगलाई व्यवस्थित  गर्न रेखदेख र नियमन गर्न देहाय वमोजिम एक सञ्चालक समिति रहनेछ ।

१  सम्वन्धित वडाका वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति                संयोजक

२  भवन वा सभा हल रहेको टोलवाट टोल सुधार समितिका अध्यक्षहरु मध्येवाट संयोजकले तोकेका व्यक्ति    सदस्य

३  भवन वा सभाहल निमार्णमा महत्वपूर्ण योगदान दिन वा सवैभन्दा वढी चन्दा दिने चन्दादाताहरु मध्ये एक जना महिला सहित २ जना सदस्य

४ उद्योग वाणिज्य महासंघको प्रतिनिधि    सदस्य

५  सम्वन्धित वडामा क्रियाशील सहकारी आमा समूह  महिला सञ्चाल वन समिति वा गैर सरकारी संस्थावाट वडा समितिले मनोनित गरेका एकजना  सदस्य

५ सम्वन्धित वडाका वडा सचिव    सदस्य सचिव

२ मनोनित सदस्यको पदावधि २ वर्षको हुनेछ र निजको पुन १ पटकको लागि सदस्यमा मनोनित हुन सक्नेछन् । तर संस्थाको हित सामुदायिक हित तथा सामाजिक सद्भभाव खल्वल्याउने कार्य गरेमा वा अन्य कुनै फौजदारी अभियोग लागेमा जुनसुकै वेला हटाउन सकिनेछ ।  हटाउनु अघि मौका दिइनेछ ।

३ समितिले वैठक सम्वन्धी कार्यविधि आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

४  सार्वजनिक भवन तथा सभा हल सञ्चालन समितिको काम कर्तव्य तथा अधिकार देहाय वमोजिम हुनेछन् ।

क  सार्वजनिक भवन तथा सभा हलको रेखदेख सरसफाइ  संरक्षण तथा नियमित उपयोगिता सम्वन्धी योजना वनाउने  भवन तथा सभाको समुदायको प्रचारप्रसार गर्ने

ख  वहुउद्देशिय प्रयोजन ल्यान पहल गर्ने

ग सामुदायिक हितमा प्रयोग तथा परिचालन गर्ने

घ दिगोपना र स्थायीत्वका लागि योजना वनाउने

ङ मर्मत सभार गर्ने गराउने

च नागरिक समाजसँग नियमित छलफल गरी भवन तथा हलको प्रयोग गर्ने गराउने

छ कम्तिमा आत्मनिर्भर हुने गरी राजश्व संकलनको उपायहरु पहिचान र परिचालन गर्ने

ज  कुनै संस्था वा निकायले प्रयोग गरीसके पश्चात त्यसको अध्यवधिक जाँच गर्ने गराउन र कुनै क्षति भएको भए मूल्याङ्कन गरी असुल उपर गर्ने गराउने

५ निर्देशक समिति सम्वन्धी व्यवस्थाः १ नगरपालिका भित्रका कुनै पनि सार्वजनिक तथा सरकारी भवन तथा सभाहलहरु सार्वजनिक निकायले प्रयोग गरिरहेका भवन तथा त्यसले चर्चेका जग्गा जमिनको संरक्षण सम्वर्द्धन रेखदेख र नियन्त्रणमा वडा कार्यालय र सम्वन्धित समितिहरुलाई निर्देशन दिन नगरपालिकामा देहाय वमोजिम एक निर्देशक समिति रहनेछ।

क नगर प्रमुख वा निजको अनुपस्तिस्थितिमा उपप्रमुख अध्यक्ष

ख आर्थिक विकास समितिका संयोजक सदस्य

ग भवन तथा सभाहल व्यवस्थापन समितिका अध्यक्षहरु मध्येवाट नगरप्रमुखले मनोनित गरेका एकजना सदस्य

घ सुनवल नगरपालिकाको उद्योग वाणिज्य महासंघको अध्यक्ष सदस्य

ङ सामुदायिक भवन वा सभाहल निमार्णमा सवैभन्दा वढी चन्दा दिने चन्दादातावाट समितिले मनोनित गरेका एकजना महिला सहित २ जना सदस्य

च प्रमुख प्रशासकिय अधिकृत सदस्य सचिव

२ निर्देशक समितिको काम कर्तव्य र अधिकारः निर्देशक समितिको काम कर्तव्य अधिकार देहाय वमोजिम हुनेछ।

क सामुदायिक तथा सार्वजनिक भवन र सभाहलको न्यूनतम मापदण्ड तोक्ने

ख आपतकालिन उद्धारका लागि सामुदायिक तथा सार्वजनिक भवन र सभाहलहरुको नक्साङ्कन गरी लागत राख्ने

ग सामुदायिक तथा सार्वजनिक भवनहरु र सभाहलहरुको संरक्षण र दिगो उपयोगका लागि आवश्यक वित्तीय व्यवस्था मिलाउने

घ सार्वजनिक भवन तथा सभाहल व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने

ङ नगरपालिका भित्र आवश्यक पर्ने सभाहल तथा भवनहरु निर्माण गर्न योजना वनाउने सम्वन्धित निकायमा सिफारिस गर्ने

च स्थानीय समूदाय तथा विभिन्न धार्मिक संघसंस्था सहकारी गैरसरकारी र निजी संघसस्थाहरुसँग समन्वय गर्ने

छ सुनवलका सार्वजनिक भवन तथा सभाहलहरुको व्यवस्थापन र विकासका लागि दिर्घकालीन योजना वनाउने

३ निर्देशक समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।

४ निर्देशक समितिमा मनोनित सदस्यको पदावधी २ वर्षको हुने छ । कुनै सदस्यलाई वढीमा एक पटक पुर्नमनोनय गर्न सकिनेछ । यस उपदफामा जुनसुकै कुरा लेखिएको भए पनि सार्वजनिक हित सामाजिक सद्भाव राष्ट्रिय एकता फौजदारी अभियोग लागेमा सफाइको मौका दिइ हटाउन सकिनेछ ।

६ सार्वजनिक भलाइ र आपतकालीन अवस्थामा प्रयोग सम्वन्धी व्यवस्थाः १ सार्वजनिक भवन तथा सभाहलहरु आपतकालीन प्रयोग र सार्वजनिक हित तथा आम नागरिकको जीवन रक्षार्थ जुनसकै वेला व्यवस्थापन समितिको निर्णय अनुसार प्रयोग गर्न सक्ने गरी तयारी अवस्थामा राख्नुपर्नेछ ।

२ सार्वजनिक भलाइ र जीवन रक्षार्थी प्रयोग गर्दा कुनै पनि शुल्क लिन पाइनेछैन् ।

३ कुनै संस्थाले अग्रिम वुकिङ्ग गरेको अवस्थामा आपतकालीन प्रयोग गर्नुपर्ने अवस्था आएमा वुकिङ्क रद्ध गरी प्रयोग गर्न सकिनेछ । यसरी रद्ध भएको वुकिङ्कलाई नगरपालिकाको अन्य भवन वा हल प्रयोग गर्न दिन सकिनेछ । त्यसवापत थप दस्तुर लाग्नेछैन् ।

४ कुनै च्यारिटेवल कार्यहरु जस्तै स्वास्थ्य शिविर जेष्ठनागरिक सेवा महिलाको स्वस्थ्य परीक्षण जस्ता कार्य सञ्चालनका लागि न्यूनतम सरसफाइ शुल्क लिइ भाडामा दिन सकिनेछ ।

५ यस उपदफामा जुनसुकै कुरा लेखिएको भए पनि विपद् व्यवस्थापनमा वाहेक अन्य अवस्थामा सरसफाइ शुल्क विना भवन तथा हल प्रयोग गर्न दिइनेछैन् ।

६ नगरपालिकाले आयोजना गर्ने कुनै पनि कार्यक्रमवापत सार्वजनिक भवन तथा सभाहलहरुमा कुनै शुल्क लाग्नेछैन् ।

## परिच्छेद ४

## भाडा तथा सेवा शुल्क

७. सार्वजनिक भवन तथा हलको भाडा तथा सेवा शुल्क सम्वन्धी व्यवस्थाः (१) सार्वजनिक प्रयोगका लागि निर्माण भएका घर, भवन, हलहरु, महिला उद्यम केन्द्रका भवनहरु भाडा दिदा दर्ता भइ सञ्चालनमा रहेका संस्थाको नाममा रहेको भवन भए संस्थाको आन्तरिक आय र संस्थाको नाममा नहेको कुनै अमुक समितिको मातहमा रहेको भए सम्वन्धित वडा कार्यालयमा प्रयोगवापत राजश्व दाखिला गर्नुपर्नेछ।

(१) सेवा शुल्क

- रामनगर बहुउद्देश्यीय सभा हल भन्नाले सुनवल नगरपालिका वडा नं. १२ मा रहेको सभा हल बुझ्नु पर्नेछ।
- समिति गठन भन्नाले विधान अनुसार गठन भएको रामनगर बहुउद्देश्यीय सभा हल संचालन समिति सम्झनु पर्छ।
- तोकिएको वा तोकिए बमोजिम भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियम, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।
- वडा अध्यक्ष भन्नाले सुनवल वडा नं. १२ का वडा अध्यक्ष सम्झनुपर्छ।
- वडा कार्यलय भन्नाले सुनवल १२ नं. वडा कार्यलय सम्झनुपर्छ।

**३. संचालक समिति गठन गर्नुपर्ने**

सुनवल वडा नं १२ मा रहेको करिब ७००० वर्ग फिट क्षेत्रफल तथा तलको भागमा एक स्टाफ कोठा र एक स्टोर कोठा भएको बहुउद्धेश्यीय सभाहल लाई व्यवस्थित रुपले संचालन गर्न र यसको संरक्षण एवम प्रवर्द्धन गर्न एउटा रामनगर बहुउद्धेश्यीय सभाहल संञ्चालन समिति गठन गरिने छ। यसको संरक्षक सुनवल नगरपालिकाको नगर प्रमुख रहने छ।

## ४.संञ्चालन समिति

सुनवल नगरपालिका वडा नं. १२ भुमहीमा निर्मित बहुउद्देश्यीय सभा हल संञ्चालन, प्रयोग र सारक्षण गर्ने तपशिल अनुसारको रामनगर बहुउद्धेश्यीय सभा हल संञ्चालन समिति गठन गरिने छ । प्रत्येक स्थानिय तहको निर्वाचन भएपछि समितिको को पुन गठन गरिने छ ।

क). संयोजक - वडा नं. १२ का वडा अध्यक्ष  - १ जना

ख) सह-संयोजक - संचालन गर्ने सस्थाको तर्फबाट - १ जना

ग) सदस्य - उद्योग वाणिज्य संघको प्रतिनिधि - १ जना

घ) सदस्य - १२ नं. वडामा रहेका विभिन्न संघ संस्था प्रतिनिधी मध्ये - १ जना

ङ) सदस्य - वडा नं १२ का वडा सचिव - १ जना

**५. समितिको काम कर्तव्य र अधिकार-** सुनवल वडा नं. १२ मा रहेको रामनगर सभा हल लाई दैनिक/मासिक र दिर्घकालिन रुपमा भाडामा लगाउन र रेखदेख तथा प्रवर्द्धन गर्न तपशिलको अधिकार रहनेछ ।

क. सभाहलको दैनिक, साप्ताहिक, मासिक र दिर्घकालिन प्रयोग गर्न भाडा निर्धारण गरि कार्यपालिकामा पेश गर्न ।

ख. दिर्घकालिन रुपमा प्रयोग गर्न नागरपालिकालाई सम्झौताको लाीग सिफरिस गर्ने

ग. सभाहलको सरसफाई, पानी, विद्युतको नियमित अनुगमन सुनिश्चित गर्ने

घ. मर्मत सुधार र विकास गर्न पहल गर्ने ।

ङ. सभाहलको प्रयोग गरेपछि भएको कुनै क्षति हुन गएमा क्षतिको एकिन गरि कारवाहिका लागी नगरपालिकामा सिफारिस गर्ने

च. सभाहलको लागि आवश्यक जिन्सी फर्निचर ,विधुत, खानेपानी महसुलको लागि नगरपालिकालाई सिफारिस गर्ने

छ. सभाहल प्रयोग गर्दा लाग्ने शुल्कः वडा कार्यालयमा जम्मा गरि सोको लेखाजोखा राख्ने ।

ज. समितिको बैठक कम्तिमा २ महिनामा एकपटक बस्नु पर्नेछ ।

झ. भाडा महसुल शुल्कः रामनगर बहुद्धेश्यीय सभाहल भाडामा प्रयोग गर्न दिदाा तपशिलको रकम सुनवल नगरपालिको वडा नं. १२ को

कार्यालयमा अग्रिम बुझाई रसिद प्राप्त गरे पश्चात मात्र सुनिश्चित हुनेछ ।

क. १ दिन भाडा शुल्कः

ख. ३ दिन लागातार भाडा शुल्कः

ग. १ महिना भाडा शुल्कः

घ, सरसफाई प्रति दिन रु ५००।

ञ. दैनिक भाडा लगाउादा नगरपालिका र निश्चित गरिएको कार्यक्रमहरुलाई असर नहुने गरि बिहान र बेलुकाको समयमा कुनै संगठित

संस्थाले नियमित प्रयोग गर्ने चाहेमा उक्त संस्थाले सुनवल नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत साग सम्झौता गरि प्रयोगमा दिन

सकिनेछ ।

ट. भाडा शुल्कः परिर्वतन गर्नु परेमा संचालक समितिको बैठकबाट निर्णय गरि वडा कार्यालय मार्फत नगरकार्यपालिकामा पेश गरि निर्णय भए पश्चात परिमार्जन हुनेछ ।

ठ. सभाहलको निर्माण योग शिविर चलाउने उद्देश्यका साथ निर्माण भएकोले योग शिविर संचालनर्थ बिहान ८ बजे सम्मको समयमा योग

शिविर संचालन गरिने छ सो को लागि थप उपसमिति गठन गरिनेछ र सो संयोजक मूल समितिको सदस्य रहनेछन् । साथै हलको

भाडा सो संस्था संग लिईने छैन । तर हलको सरसफाइको लागि एकजना कर्मचारी संस्थाले नियमित राख्नु पर्नेछ र सोको

आर्थिक भार स्वयं संस्थाले व्यहोर्नुपर्नेछ ।

ड. सभाहलमा रहेको स्टोर, सचीवालय, विशिष्ट कक्ष अन्य कुनैपनि प्रयोजन वा भाडामा दिइने छैन ।

ढ. सभाहलका शौचालयहरु कार्यक्रम संचालन भएको समयमा बाहेक सार्वजनिक रुपमा संचालनमा ल्याइने छैन ।

ण. सभाहल प्रयोग गर्न सबै संघ संस्था, सहकारी, रणनैतिक दल कसैलाई प्रतिबन्ध लाग्ने छैन । कुनै व्यक्ति वा संघ संस्थाले बुक गरी

सकेपछि सो दिन वा सो समयमा आफ्नो कार्यक्रम नसकी अन्यलाई हल उपलब्ध गराइने छैन। बुक गर्दा दिनभरीको शुल्क लाग्ने छ

। कार्यक्रम गर्दा धुम्रपान, मध्यपान जस्ता असमाजिक कार्य गर्न पाइने छैन।

त. यो कार्यविधिमा कुनै किसिमको संशोधन गर्नुपर्ने बान्छनीय लागेमा नगरपालिकाले संशोधन गर्न सक्नेछ ।

थ. यस सभाहलबाट प्राप्त भएको रकम मध्ये ६०५ रकम यसको सरसफाइ र व्यवस्थापनमा खर्च गरिने छ ।

द. सामाजिक दायित्व अन्तर्गत कुनै किसिमको बाडी पहिरो भूकम्प तथा त्यस्तै किसिमको दैवी प्रकोप भएको अवस्था समयमा अनुकूल

निर्णय गरी हलको प्रयोग गर्न सकिने छ ।